कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
# डिभिजन वन कार्यालय, रुकुम (पश्चिम)

प.सः-२०८१-०८२(वन व्यवस्थापन) कार्यालय कोडः-३०७०२५९०१६ च.नं. ८८८

मितिः२०८१।११।२६गते
ने.सं. ११४५ चिल्लाथ्व ११ सोमवार

बिषयः-सुचना टाँस गरी जानकारी पठाई दिनु हुन ।

श्री प्रदेश वन निर्देशनालय, बीरेन्द्रनगर सुर्खेत ।
श्री जिल्ला समन्वय समितीको कार्यालय, रुकुम पश्चिम।
श्री जिल्ला प्रशासन कार्यालय,रुकुम पश्चिम।
श्री मुसिकोट नगरपालिकाको कार्यालय,रुकुम पश्चिम।
श्री बाफिकोट गाउपालिकाको कार्यालय,रुकुम पश्चिम।
श्री मुसिकोट सव-डिभिजन वन कार्यालय, चौंपा रुकुम पश्चिम।
श्री बाफिकोट सव-डिभिजन वन कार्यालय, छिन्खेत रुकुम पश्चिम।
श्री मुसिकोट नगरपालिका ०७ नं. वडा कार्यालय, रुकुम पश्चिम ।

प्रस्तुत विषयमा यस कार्यालययबाट मिति २०८१।११।२६ गते मध्यान्त्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकासित वेवारिसे अवस्थामा फेला पारी हकदाबी नपुगेका काठ र जोखिमयुक्त रुख हटाउदा प्रास हुन आएका काठ दाउरा लिलाम बिक्री सम्बन्धीको सूचना पाना २(दुइ)को थान १(एक) यसै पत्र साथ संलग्न राखी पठाइएको छ उक्त सूचना टास गरी सोको जानकारी यस कार्यालयमा पठाई दिनु हुन सादर अनुरोध छ ।

२०८१/११/२६
शेर बहादुर परियार
का.मु. डिभिजनल वन अधिकृत

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, रुकुम (पश्चिम)

पसं.२०८१-०८२(वन व्यवस्थापन) कार्यालय कोड:-३०७०२५९०१६ च.नः-

वेवारिसे अवस्थामा फेला परी हकदाबी नपुगेका तथा जोखिम युक्त रुख हटाउदा प्राप्त हुन आएको काठर दाउरा लिलाम बिक्री सम्बन्धी सुचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१।११।२६**

यस डिभिजन वन कार्यालय अन्तर्गत बाँफिकोट सव डिभसजन वन कार्यालय छिन्खेत रुकुम पश्चिमको कार्य क्षेत्र भित्रवाट मिति२०८१।०८।२८ गते वेवारिसे अवस्थामा फेला परी हकदाबी नपुगेका र मुसिकोट सव-डिभिजन वन कार्यालयको च.नं.८३ मिति२०८१।११।१३ गते र च.नं.८७ मिति २०८१।११।२५ गतेको पत्र साथ प्राप्त जोखिम युक्त रुखहरु व्यवस्थापन गर्दा प्राप्त हुन आएका काठ दाउराको छुट्टाछुट्टै लट कायम गरी तपशिल बमोजिमका गोलिया काठ दाउरा लिलाम प्रक्रियाद्धारा बिक्री वितरण गर्नु पर्ने भएकोले उक्त काठ जे जस्तो अवस्थामा छ आफ्नै खर्चमा उठाइ लैजाने गरी यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको कारोवार गर्ने उदश्यले दर्ता भएका काष्ठ व्यवसायीहरुले मिति २०८१।११।२६ गते मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र प्रत्येक लटको छुट्टाछुटै रितपूर्वकको गोप्य सिलबन्दी बोलपत्र फाराम पेश गर्नु हुन आहान गरिन्छ ।

तपसिल

१. लिलाम बिक्री हुने वन पैदावारको विवरण:

| सि.नं. | लट नं. | जात | किसिम | थान | चिरान | गोलियामा परिणत गर्दा | मुल्यांकन रकम | | घाटगद्दी स्थान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | न्युनतम मुल्य रु. | ढुवानी, लोडअनलोड, सुचना खर्च), | |
| १ | १ | चाँप | चिरानी | ६६ | ११८.७०७ | १६६.१९० | १,१,६३३२।- | ५,०००। | बाँफिकोट सब-डि.व.का |
| २ | २ | काँगियो | गोलिया | १२ | - | ३५.५२९ | ३,५५२।८६ | ५००००। | मुसिकोट सब-डि.व.का.कम्पाउण्ड |
| | | गोब्रे सल्लो | गोलिया | १३ | - | ७६.०७५ | १७५,६२।०७ | | |
| | | टुनी | गोलिया | ३ | - | ८.०९५ | १,६१९।१० | | |
| | | पैयो | गोलिया | १६ | - | ५९.२५३ | ५,९२५।२६ | | |
| | | लप्सी | गोलिया | ७५ | - | ६३०.४५९ | ६,३०४५।९२ | | |



२०८१।११।२६
...डि..गल वन अधिकृत

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, रुकुम (पश्चिम)

पसं.२०८१-०८२(वन व्यवस्थापन) कार्यालय कोड:-३०७०२५९०१६ च.नं:-

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | लाकुरी | | १५ | - | ६७.८९२ | ६७८९।२४ | | |
| ३ | ३ | लाकुरी | | ३ | - | ९.९३४ | ९९३।४० | — | मुसिकोट न.पा. ०७ सौंख रुकुम (प.) |
| | | बैश | | १९ | - | ७५.९३९ | ७५९३।९५ | | |
| | | लाकुरी र बैश प्रजातीका दाउरा चट्टा | | | | ०.२१ | ८४०। | | |

क) बोलपत्र खरिद गर्ने अन्तिम मिति:२०८१।१२।११ गते दिनको ५:०० वजे सम्म ।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०८१।१२।१२ गते दिनको १२:०० वजे सम्म ।

ग)बोलपत्र खोलिने मिति २०८१।१२।१२गते दिनको २:०० वजे ।

३. बोलपत्र डिभिजन वन कार्यालय, रुकुम पश्चिमवाट खरिद गरी दाखिला गर्न सकिनेछ ।

४. बोलपत्र साथ धरौटी वाफत कवोल अंकको १०% ले हुन आउने रकम वोलपत्र खरीद गरेको कार्यालयको प्रदेश लेखा ईकाइ कार्यालयको धरौटी खातामा नम्बर ०७७२०००००२००३००००००१खर.३ (डिभिजन वन कार्यालयको कोड नम्बर ३०७०२५९०.१६) मा जम्मा गरेको सक्कलै भौचर समावेश हुनु पर्नेछ ।

५ वैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तीमा ६ महिना सम्मको लागि हुनु पर्ने छ ।

६. बोलपत्र फारम वाफत लट नं. १को रु.१००० र लटनं.२ र३ को रु.३००। पछि फिर्ता नहुने गरी) यस कार्यालयको आर्थिक प्रसासन शाखामा तिरी बोलपत्र खरीद गर्न सकिने छ।रबोलपत्र खरिदको लागि राजश्व खाता नम्बर २७५०२०००००१००१०००००१(डिभिजन वन कार्यालयको कोड नम्बर ३०७०२५९०१६)राजश्व शिर्षक नम्बर १४२२९ माजम्मा गर्नु पर्नेछ ।

७. लिलाम बढावढ हुने वन पैदावार मु.न.पा. ५ र ७मा रहेको घाटगद्दी स्थन र कार्यालय खुलेको समय भित्र चौफा सव डि.व.काको कम्पाउन्डमा रहेको घाटगद्दी स्थलमा कार्यालय समयमा गई हेर्न सकिनेछ ।

८.लिलाममा भाग लिने इच्छुक वन पैदावारको कारोवार गर्ने उदश्यले दर्ता भएका काष्ठ व्यवसायीहरुले नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी, करदाता प्रमाण-पत्रको प्रतिलिपी, मूल्यअभिवृद्दि कर दर्ता प्रमाण-पत्रको प्रतिलिपी र स्थायी लेखा नं.(एब्ल् ल्य.) दर्ता प्रमाण-पत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

९. निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका शिलबन्दी बोलपत्र मिति २०८०१।१२।१२ गते दिनको २:०० बजे साक्षीहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । सो दिन सार्वजनिक बिदा परे सो को भोलिपल्ट खोलिने छ ।

१०. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले १५(पन्ध्र) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर तथा कटान मुछान, लोड अनलोड र ढुवानी, खर्च समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्ने छ ।

११. बोलपत्र सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

१२. बोलपत्रमा सहभागीहुन चाहाने इच्छुक काष्ठ व्यवसायी, संघ संस्था, फर्म वा कम्पनीहरुले आ.व. २०८०।०८१ को कर चुक्ताप्रमाणपत्र तथा २०८०।०८१ सम्मको फर्म नविकरण प्रमाण पत्र बोलपत्र साथ पेश गर्नु पर्नेछ।

१३. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस कार्यालयको अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ ।

"व्यावसायिक र सिर्जनशिल प्रशासन : विकास, समद्धि र सुशासन"

फोन नं.:-०८८-५३०३४९
ईमेल :-dforukum@gmail.com

२०८१।११।२८
डि.... ल वन अधिकृत